"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमति प्रदेश, नेपाल

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२३७

प.सं.: ०७७/७८
च.नं:

मितिः२०७७/१०/१४

## मतदाता नामावली अद्यावधिक ( दावी बिरोध समेत) गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना।।

यही मिति २०७७ माघ १५ देखि २१ गते सम्म निर्वाचन आयोगले देशभरका सबै स्थानिय तहका केन्द्रमा मतदाता नामावली अद्यावधिक ( दावी बिरोध समेत) कार्यक्रम संचालन गर्दैछ। उक्त कार्यक्रम अनुसार २०७७ माघ १५ गते यस पाँचखाल नगरपालिकामा मतदाता नामावली प्रकाशन हुनेछ। २०७७ माघ १६ देखि १८ गतेसम्म मतदाता नामावलीमा रहेको नाम र विवरणमा रहेको त्रुटि सच्याउन, दोहोरो नाम हटाउन निवेदन दिन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउनका लागि सूचना दिन सकिनेछ। कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा २०७७ माघ १६ र १७ गते उजुरी दिन सकिनेछ। तसर्थ उपरोक्त अनुसारको निर्धारित मितिमा मतदाता नामावलीमा रहेको आफ्नो नाम र विवरणमा कुनै त्रुटि भए त्रुटि सच्याउन एवम आफ्नो दोहोरो परेको भए हटाउन निवेदन दिनुहुन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिन र कसैले झुटा विवरण दिई मतदाता नामावलीमा नाम समाबेश गरेको भए सोको बिरोधमा उजुरी दिनुहुन सम्वन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं।

निवेदन दिने स्थानः पाँचखाल नगरपालिकाको कार्यालय, पाँचखाल -३, काभ्रेपलाञ्चोक।
निवेदन दिने मितिः २०७७ माघ १६ देखि १८ गतेसम्म
दाबी बिरोधको निवेदन मितिः माघ १६ र १७ गते
नोटः शनिवार पनि सेवा प्रदान गरिनेछ।

७७/१०/१४
(शिव प्रसाद हुमेगाई)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत